


# अध्याय -२

## प्रार्थना गर्न हामीलाई सिकाउनुहोस्

यस अध्यायका मूल पदहरू: भजन १०५:५, कलस्सी ३:१६, याकूब ५:१३, भजन ४४, भजन २२, भजन १३ र भजन ६०:१-५।

यस अध्यायको मूल सार पद: *"एक समय येशू कुनै एक ठाउँमा प्रार्थना गरिरहनु भएको थियो। जब प्रार्थना गरी सक्नु भयो, उहाँका चेलाहरू मध्ये एकजनाले उहाँलाई भने, "यूहन्नाले आफ्ना चेलाहरूलाई प्रार्थना कसरी गर्नु पर्छ सिकाए। हे प्रभु हामीले पनि प्रार्थना गर्नुपर्छ, सिकाउनुहोस्।" लुका ११:१।*

प्रार्थनाको बारेमा विभिन्न धर्म र इसाई धर्ममा पनि विभिन्न धारणाहरू छन्। ती आस्थाहरूमा कतिपयले प्रार्थना गर्नु भनेको कसैले रचिएको मन्त्र, जप, वाक्य वा पुकारहरू दोहोऱ्याइरहनु हो जुन व्यक्तिगत मानिसको भित्री हृदयबाट होइन। प्रार्थनालाई भित्री हृदयको पुकार भन्दा कुनै धर्मगुरु वा धार्मिक अगुवाले रचेका धार्मिक विधि वा उच्चारण पूरा गर्न औपचारिक प्रक्रियालाई निरन्तरता दिनु भनेर कतिपय मानिसहरूको धारणा छ। मानौं, आज मैले केही मन्त्र, स्तोत्र वा उपासनाका वाक्यहरू उच्चारण गरे मैले आजको धार्मिक प्रक्रिया पूरा गरें भनेर तिनीहरूले ठान्दछन्। तर जब येशूका चेलाहरूले उहाँलाई प्रार्थना गर्न सिकाइ दिनुहोस् भनेर अनुरोध गरेका थिए त्यसको जवाफमा तिनीहरूले प्रार्थनाको बारेमा अत्यन्तै बहुमूल्य नीति पाएका थिए। तिनीहरूका जीवनमा येशूले सिकाउनुभएको प्रार्थना नै तिनीहरूका निम्ति ठूलो इनाम भएको थियो। परमेश्वरले बाइबलको मुटुमा वा मध्यभागमा

प्रार्थनाको पुस्तक राखिदिनुभएको छ जुन भजनसंग्रह हो। यो पुस्तक केवल पौराणिक समयका मानिसहरूको निम्तिमात्र नभएर आज पनि हामीलाई कसरी प्रार्थना गर्ने भन्ने नीतिहरूलाई सिकाउन काब्यशैलीमा राखिएको छ। प्रारम्भिक युगदेखि नै परमेश्वरका जनहरूको जीवनमा प्रार्थनाले ढालिएको थियो। त्यसमा भजनसंग्रह बाहेक येशूले सिकाउनुभएको प्रार्थना पनि हो (१ इतिहास १६:७,९; नेहमिया १२:८; मत्ती २७:४६; मत्ती २७:४६; एफिसी ५:१९)। भजनहरूले परमेश्वरका जनहरूको यात्राको जीवनमा र उहाँसँगको सम्बन्धमा अघि बढ्न सहयोग गरेको थियो भनेर यस अध्यायमा हामीले नियाल्नेछौं। भजनसंग्रह प्रार्थना हो भनेर हामीले बुझ्नुपर्दछ। यो धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण त छ, तर यसमा ती आत्मज्ञानका दिव्यचक्षुहरू छन् जसले व्यक्तिगत र सामुहिक जीवनमा आत्मिक सम्पन्नता प्रदान गर्दछन्। ती भजनहरू आत्मसात गर्न सकिएमा व्यक्तिगत र सामुहिक जीवनमा परिवर्तन गर्न सक्दछ।

भजनसंग्रहको पुस्तकबाट प्रार्थनाहरू उतारेर चल्दा प्रभुका भक्तजनहरू सार्थक जीवन बिताउन सकेका थिए। तिनीहरूले आफ्ना प्रार्थनाको जीवन कसरी स्थापना गर्ने र अर्थमूलक प्रार्थनामा कसरी सफल पाउने भनेर त्यस भजनको पुस्तकले सहयोग गरेको थियो। यस अध्यायमा हामीले भजनसंग्रहको बारेमा ज्ञान पाउन हामीले निरन्तरता दिनेछौं। विषेश गरेर **कठिन परिस्थितिमा हामी गुज्रनुपर्दा ती भजनहरूले कसरी सहयोग गर्न सक्दछ भनेर हामीले नियाल्नेछौं।**

## १. भजनसंग्रहलाई प्रयोग गरेर आत्मिक र प्रार्थनाको जीवनको विकास गर्नु

**विश्वासीको उपासनाको अनुभवमा भजनसंग्रहको स्थान कस्तो छ? हेर्नुहोस्: "परमप्रभुलाई धन्यवाद देऊ। उहाँको नाउँ उपासना गर। सबै जाति-जाति मानिसहरूलाई ती अचम्भ लाग्दा कुराहरूको बारेमा भन जुन उहाँले गर्नुहुन्छ। परमप्रभु प्रति भजन गाओ, उहाँको प्रशंसा गर। उहाँले गर्नु भएको अलौकिक कुराहरूको बारेमा बताऊ। जो उहाँले गर्नुहुन्छ। परमप्रभुको पवित्र नाउँमा गौरब गर। तिमीहरू परमप्रभुलाई खोज्दै-खोज्दै आई पुग्यौ त्यसैले अब खुशी हौ। बल पाउनुलाई परमप्रभु कहाँ जाऊ। सहायताको लागि सधैं उहाँकोमा जाऊ। याद गर ती अचम्मका कुराहरू जुन उहाँले गर्नुहुन्छ। याद गर उहाँका आश्चर्यकामहरू साथै उहाँका बुद्धिमानी निर्णयहरू।"भजन १०५:१-५; "ख्रीष्टको संदेश तिमीहरूभित्र समृद्ध भावमा रहोस्। एक-अर्कामा शिक्षा दिनु र दृढ**

**बनाउन सम्पुर्ण बुद्धि खटाऊ। परमेश्वरलाई हृदयले धन्यवाद चडाउँदै भजन, गीत र आत्मिक स्तुतिहरू गाऊ।" र "यदि तिमीहरू मध्ये एक जनाले कष्टहरू भोगिरहेको छ भने उसले प्रार्थना गर्नु पर्छ अनि यदि तिमीहरू मध्ये एकजना सुखी छ भने, उसले गीतहरू गाउनु पर्छ।" याकूब ५:१३।**

भजनसंग्रहलाई हाम्रो जीवनमा घुसाउने एउटा सरल तरिका छ, त्यो हो दिन दिनै केही क्षणहरू भजनसंग्रहको केही न केही भाग पढ्न समर्पित हुने। भजनसंग्रहको अध्याय १ देखि अलिअलि भनेर पनि पढेर मनन गर्नु र त्यो पुस्तक पढ्दै जाँदा त्यसमा भएका मर्म र नीतिहरूलाई आत्मसात गर्नु। धर्मको नाउँमा स्तुती गर्ने नभएर दैनिक जीवनको क्रियाकलापमा त्यसको आदर्श तत्त्वहरूलाई व्यवहारमा उतार्न सकियो भने भजनसंग्रहको अर्थ हुन्छ। यो पुस्तक अर्थमूलक बन्छ यदि तपाईं जुनसुकै परिस्थितिमा रहेतापनि त्यस परिस्थितिलाई सम्बोधन गर्ने भावनालाई व्यक्त गर्ने भजन तपाईं पढ्नु हुन्छ। भजनसंग्रहका भजनहरू विभिन्न परिस्थितिको निम्ति रचिएका हुन्ः व्यक्तिगत वा सामूहिक शोकमा डुबेको बेलामा पढ्ने भजनहरू, धन्यवादका भजनहरू, स्तुति गर्ने गीतहरू, परमेश्वरलाई आर्तनाद र बिन्ति सुनाउन भजनहरू, ज्ञानबुद्धि पाउने र परमेश्वरको अगुवाइ खोज्ने भजनहरू, ऐतिहासिक भजनहरू जसले इस्राएलीहरूको गाथा सुनाउँछन्, रिस, आक्रोस, प्रतिशोधका भावना व्यक्त गर्ने भजनहरू र यस संसारमा हामी यात्रीहरूमात्रै हौं भनेर चित्रणहरू आदि। यस अध्ययनमा हामीले ती विषयबस्तुहरूलाई नियाल्नेछौं र भजनसंग्रह कुन परिप्रेक्ष्यमा र परिवेशमा लेखिएको हो सो हेर्नेछौं।

### *तब, भजनसंग्रह हामीले कसरी पढ्ने त?*

पहिले त भजनसंग्रह सरसर्ती पढ्नुपर्छ। त्यसको साधारणतया अर्थ के हो वा के भन्न खोजेको हो सो चिन्तन गर्नुपर्छ र अनि प्रार्थना गर्नुपर्छ। भजनसंग्रहलाई समुच्च रूपमा हेर्दा त्यसमा विभिन्न पक्षहरू प्रतिबिम्बित भएको देख्नेछौंः भजनसंग्रहका लेखकहरूले परमेश्वरलाई कसरी सम्बोधित गरेकाछन्, र तिनीहरूले गर्ने प्रार्थना वा उहाँसँग गरेका पुकारहरूको कारण। भजनका लेखकहरूले गरेका अनुभवहरू तपाईंका अनुभवहरूसँग कसरी मिल्दछन् र तपाईंका आफ्ना मर्महरू व्यक्त गर्न भजनले कसरी सहयोग गर्दछ त्यो सोच्न सकिन्छ। तपाईंको जीवनको अनुभवलाई ती भजनहरूले प्रतिध्वनी गरेको तपाईंले देख्दा तपाईं अचम्म हुनेछ र भजनका लेखकहरू पनि तपाईंले जस्तै अनुभव गरेको रहेछ भनेर तपाईंले थाहा पाउनुहुनेछ।

यदि पढ्ने क्रममा तपाईंले केही चुनौतीहरूलाई सोच्नुपरे सोच्नुहोस्।

हुनसक्छ, तपाईं अहिले कुनै झुठो आश्वासन र आशाको भूमरीमा परिरहनुभएको छ र त्यसलाई सच्याउन भजनले भूमिका खेल्न चाहन्छ भने खेल्न दिनुहोस्। भजनमा लेखिएको सन्देश येशू ख्रीष्टको व्यक्तित्वसँग तुलना गरेर ध्यान गर्नुहोस्। उहाँले हामीलाई कालान्तरमा दिनुहुने मुक्ति वा अनन्त जीवनको निम्ति गर्नुभएको कामलाई भजनमा नियालेर हेर्नुहोस्। हामी सबैले यो थाहा पाउनुपर्छ कि बाइबलको प्रत्येक विषयबस्तु येशू ख्रीष्ट र उहाँको क्रूसको सन्दर्भमा हेर्नुपर्दछ।

फेरि, भजनमा लेखिएका प्रार्थनाका नयाँ नियतहरूलाई पनि हेर्नुहोस्। ती नियतहरूले तपाईंकै आशयहरूलाई कसरी सम्बोधन गर्छ त्यो पनि सोच्नुहोस्। तपाईंको व्यक्तिगत जीवनमा, तपाईंको चर्च र संसारको निम्ति भजनको पुस्तकमा व्यक्त गरेका भावना र निर्देशनहरू कतिको महत्त्व छ सो पनि सोच्नुहोस्। भजनमा व्यक्त गरेका व्याबहारिक शब्दहरू तपाईंको हृदय र दिमागमा राखून् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्। यदि तपाईंको परिचित मानिसको परिस्थितिसँग भजनमा व्यक्त गरेको भावनासँग मिल्छ भने उसको निम्ति प्रार्थना गर्नुहोस्। हामीले यो भन्न खोजेका छौं कि भजनहरूमा जीवनका विभिन्न पक्षहरूलाई सम्बोधन गरिएको छ। हाम्रा बहु आयामिक जीवन समेतिएको भजन पढेर हामी आत्मिक रूपमा सम्पन्न हुन सक्दछौं। ती भजनहरूले तपाईंलाई के भनिरहेको छ त्यसलाई हृदयमा सोस्न परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

***"प्रचुर मात्रामा ख्रीष्टको वचन तिम्रो हृदयमा गाभियोस्" (कलस्सी ३:१६) भनेर पावलले सम्बोधन गरेको अर्थ के हो? सोच्नुहोस्। जब हामी बाइबल पढ्छौं तब हाम्रो पहिलो र अन्तिम निर्णायक लक्ष्य त्यो हुनुपर्छ भनेर हामीले कसरी आत्मसात् गर्ने?***

## २. दुःख, कष्ट र समस्याहरू परेको समयमा राख्नुपर्ने भरोसा

यस संसारमा पाइला टेक्ने येशूभक्त भनेर किन दाबि नगरोस् उसले आफ्नो जीवनमा कुनै न कुनै तितो अनुभव नगर्ने कोही पनि हुन सक्दैन। दुःख, कष्ट, पीडा, अन्यौल, बिछोड आदिको प्याला पिउनैपर्ने हुन्छ। ती कठिन र कष्टको समयमा परमेश्वर बादलभित्र लुकिरहेको जस्तो देखिन्छ, हामी सोच्दछौं "त्यस समयमा परमेश्वर कहाँ हुनुहुन्छ, उहाँ के गर्दै हुनुहुन्छ? ती सबै आपद र बिपद उहाँले मलाई किन आउन दिनुभयो?" आदि। भजनसंग्रहको पुस्तकका

लेखकहरूले आफ्नै अनुभव र पीडाहरूको वर्णन गरेर संसारमा अन्धकारमय जीवनमा होम्नुपर्ने परिस्थितिमा हामीमात्र होइन तिनीहरू पनि परेका थिए भनेर नलुकाइकन हाम्रो समक्ष प्रस्तुत गरेकाछन्। परमेश्वर प्रेमिलो हुनुहुन्छ भन्दैमा वा हामीले बप्तिस्माद्वारा चर्चको सदस्य लिँदैमा सबै थोक ठिक ठिक वा हाम्रै अनुकूलमा हुन्छ भन्ने छैन भनेर परमेश्वरले नै उहाँको प्रेरणाद्वारा उहाँका जनहरूले भोगेका दुःख, कष्ट, पीडाका अनुभवहरू भजनको पुस्तकमा खुलेआम प्रस्तुत गरेको छ।

भजन ४४ मा हाम्रो निम्ति के सन्देश छ? हामीलाई के भनिरहेको छ? सबै युगका ईश्वरभक्तहरूको निम्ति यो किन अति महत्त्वपूर्ण छ? हेर्नुहोस्, "**१ हे परमेश्वर, हामीले तपाईंको विषयमा सुनेका छौं। हाम्रा पिता-पुर्खाहरूको जीवनकालमा तपाईंले के के गर्नुभयो उहाँ बताउनु भयो। तपाईंले धेरै वर्ष अघि गरेका कार्यहरू। तिनीहरूले बताउनु भयो। २ परमेश्वर, तपाईंले आफ्नो महान् शक्ति सहित अरूका जग्गाहरू लिनुभयो अनि हामीलाई दिनु भयो। तपाईंले ती विदेशी मानिसहरूलाई टुहुरो पार्नु भयो। तपाईंले तिनीहरूलाई यो ठाउँ छोड्न बाध्य गर्नुभयो। ३ हाम्रा पिताहरूका तरवारहरू थिएनन् जसले जमीन खोस्यो। उनीहरूका पाखुराहरू बलिया थिएनन्। जसले तिनीहरूलाई विजयी गराए। यो हाम्रो पिता-पुर्खाहरूसँग तपाईं भएको कारणले गर्दा भएको हो। परमेश्वर, तपाईंको महान् शक्तिले हाम्रा पिता-पुर्खाहरूलाई बचाउनु भयो। किन? किनभने तपाईंले उहाँहरूलाई प्रेम गर्नुभयो! ४ हे मेरो परमेश्वर, तपाईं मेरो राजा हुनुहुन्छ। आदेश दिनुहोस् अनि याकूबका मानिसहरूलाई विजयतर्फ अगुवाइ गर्नुहोस्। ५ मेरो परमेश्वर, तपाईंको सहायताले गर्दा हामी आफ्ना शत्रुहरूलाई पछि धकेल्ने छौं। तपाईंको नाउँमा हामी तिनीहरूलाई कुल्चदै हिंड्ने छौं। ६ म मेरो धनु र तरवारमाथि भरोसा राख्दिन। मेरो तरवारले मलाई बचाउन सक्दैन।७ हे परमेश्वर, तपाईंले हामीलाई मिश्रबाट बचाउनु भयो। तपाईंले हाम्रा शत्रुहरूलाई लज्जित बनाएर राख्नु भयो। ८ हामीले दिनभरि नै परमेश्वरको स्तुति-गान गाएका छौं। अनि तपाईंको नाउँको प्रशंसा सदा सर्वदा गर्नेछौं! ९ तर, हे परमेश्वर, तपाईंले हामीलाई छोड्नु भयो, तपाईंले हामीलाई लज्जित पार्नु भयो। तपाईं युद्धभूमिमा हामीसँग आउनु भएन। १० तपाईंले हाम्रा शत्रुहरूलाई पछि धकेल्न लगाउनु भयो। हाम्रा शत्रुहरूले हाम्रो सम्पत्ति लगेर गए। ११ तपाईंले हामीलाई खाद्य रूपमा खाओस् भनेर भेंडा जस्तो टाढा अलग्ग राखि दिनु भयो। तपाईंले विदेशीहरूका माझ हामीलाई छरपस्ट पारेर**

छाडी दिनुभयो। १२ हे परमेश्वर, तपाईंले आफ्ना मानिसहरू सित्तैमा बेचिदिनु भयो, तपाईंले तिनीहरूको दर दाम पनि गर्नु भएन। १३ तपाईंले छिमेकीहरू समक्ष हामीलाई हाँसोको पात्र बनाउनु भयो। तिनीहरूले हामीमाथि हाँसे र खिल्ली उडाए। १४ हामी हँसाउने कथाहरू मध्ये एक हौं जो मानिसहरू भन्छन्। आफ्नो देश नभएका मानिसहरू सम्म हामीमाथि हाँस्छन् र आफ्ना टाउकाहरू हल्लाउँछन्। १५ म लाजले छोपिएको छु। सारा दिन आफ्नो लज्जित रूप हेर्छु। १६ मेरा शत्रुहरू जसले मसित साटो फेर्न चाहन्थे, तिनीहरूको खिसी र अपमानबाट उप्जेको लाजले गर्दा म आफैं लुक्छु। १७ परमेश्वर, तपाईंलाई हामीले बिर्सेका छैनौं। अझै यी सबै कुराहरू तपाईंले हाम्रा लागि गर्नु हुन्छ। हामीले तपाईंको करार पत्रमा हस्ताक्षर गर्दा छल-कपट गरेका छैनौ! १८ परमेश्वर, हामी तपाईंबाट टाढिएका छैनौं। हामी तपाईंलाई पछ्याउनका लागि रोकिएका छैनौं। १९ तर, परमेश्वर, तपाईंले हामीलाई यस ठाउँमा मिच्नु भयो जहाँ स्यालहरू बस्दछन्। तपाईंले हामीलाई त्यस ठाउँमा छाडिदिनु भयो जुन मृत्यु भन्दा पनि भयानक अंध्यारो छ। २० के हामीले हाम्रो परमेश्वरको नाउँ बिर्सियौं? के हामीले विदेशी देवताहरूलाई प्रार्थना गऱ्यौं? होइन! २१ निश्चय नै परमेश्वर यी सबै कुराहरू जान्नुहुन्छ। उहाँले हाम्रो गहन गुप्त कुराहरू पनि जान्नुहुन्छ। २२ हे परमेश्वर, दिनभरि हामी तपाईंका लागि मरिमेट्यौं! हामी मार्न लगिएका भेडा जस्तै छौं। २३ उठ्नु होस्, मेरो स्वामी! किन तपाईं सुतिरहनु भएको छ? उठ्नु होस्! हामीलाई सदाको निम्ति नछोडनु होस्! २४ परमेश्वर, तपाईं किन हामीदेखि लुकिरहनु हुन्छ? तपाईंले हाम्रो पीर र संकटहरूलाई बिर्सिनु भयो? २५ हामीलाई फोहोरेभित्र हुत्याइएको छ। हाम्रो शरिर धूलोमा पल्टिरहेको छ। २६ हे परमेश्वर, उठ्नु होस र हामीलाई सहयोग गर्नुहोस्। तपाईंको स्नेहपूर्ण करूणाले हामीलाई बचाउनुहोस्।

चर्चमा गरिने सेवाकार्यहरूमा प्रायजसो भजनसंग्रहका केही भागहरू समावेश भएका हुन्छन्। कुन समयमा कस्तो भजन चुनिएर चर्चमा पढिन्छ त्यो औपचारिक नभएर अर्थपूर्ण हुन्छ। प्रायजसो त्यो भजनले हामी गुज्रिरहेको परिस्थिति र भावनालाई प्रतिबिम्बित गरेको हुन्छ। त्यसमा व्यक्त गरेका शब्दहरू व्यक्तिगत र सामुहिक प्रार्थनाहरू भएका हुन्छन्। हामीले व्यक्त गर्न नसकेका भावनाहरूलाई भजनले नै व्यक्त गर्दा हामी गुज्रिरहेका अन्धकार परिस्थितिहरूलाई व्यक्त गर्न हामी असमर्थ छौं र हामीमा व्यक्त गर्न शब्दहरूको अभावलाई प्रस्तुत गरेको हुन्छ। कतिपय समयमा हामीले सामना

गर्न नसक्ने दुःख, कष्ट हामीमा आइपर्दा परमेश्वरले हामीलाई अन्याय गर्नुभएको वा उहाँले हामीलाई त्यागनुभएको महसुस गर्दछौं। त्यसबेला चाहे व्यक्तिगत उपासनामा होस् वा सार्वजनिक आराधनामा होस् हाम्रा परिस्थितिहरूलाई सम्बोधन गर्न हामीमा उचित शब्दहरू नभएको पाउँदछौं।

त्यस नकारात्मक परिस्थितिमा हामी पर्दा आराधनाको समयमा के भनौं के भनौं भनेर प्रार्थना गर्न पनि आनकानी गर्न पुगेका हुन्छौं। त्यसले गर्दा कतिपय समयमा चर्चमा आउने र आराधना गर्ने औचित्य नभएको हामी महसुस गर्न पुगेका हुन्छौं। हाम्रा परमेश्वर पितालाई हृदयदेखि इमान्दार भएर खुला रूपमा व्यक्त गर्न असमर्थ भयौं भने त्यसबेला हाम्रो आत्मिक जीवनमा नै धक्का पर्न सक्छ। हाम्रो जीवनमा उहाँको उपस्थिति नभएको महसुस गर्न पुग्दा कतिपय समयमा हामी हाम्रा भावनाहरूकै बन्धकमा परिरहेका हुन्छौं। यसले गर्दा हामीलाई परमेश्वरमाथि भरोसा राख्ने र विश्वास गर्ने वातावरण वा मनस्थितिबाट बञ्चित हुन पुग्छौं। जब हामी भजनसंग्रहबाट व्यक्तिगत र सङ्गतिमा प्रार्थना गर्न सिक्छौं तब हामीले परमेश्वरबाट आश्वासन पाउँछौं। हाम्रा अनुभवहरू हाम्रामात्रै नभएर भजनका लेखकहरूको पनि थिए र जुनसुकै परिवेशमा पनि तिनीहरू परमेश्वरमाथि कसरी अडिग हुन पुगेका थिए र तिनीहरूको निष्ठामा बलियै भएकोले हामी पनि बलियो हुनसक्छौं भनि हामी ढुक्क हुन सक्छौं।

हाम्रो जीवनलाई उजागर गर्ने भजनहरूमा भजन ४४ पनि एक उल्लेखनीय भजन हो। अजानमा मानिसहरू किन दुःख, कष्ट र पीडा अनाहकमा किन भोगिरहेकाछन् भनेर त्यस भजनमा खुलेआम व्यक्त गरेका छन्। परमेश्वरलाई विश्वास गऱ्यो भन्दैमा यस संसारमा हामीलाई सबै थोक ठिक ठिक हुन्छ भन्ने ग्यारेन्टी हुँदैन। भजनहरूबाट नै उतारेर हामीले प्रार्थना गर्दा हामीले भोगिरहेको खराब परिस्थितिलाई खुलादिलले व्यक्त गर्ने स्वतन्त्रता भएको हामी अनुभव गर्न सक्छौं। हामीले व्यक्त गर्न नसकेका वा व्यक्त गर्न आँट पनि नभएका शब्दहरूलाई भजनले नहिच्किच्याइ बोलिरहेको हामी पाउँछौं। "१५ मेरो अपमान दिनभरि मेरो सामुन्ने रहन्छ, र मेरो मोहड़ा शर्मले ढाकिएको छ। १६ गिल्ला गर्ने र खिसी गर्नेहरूका वचनहरूले र प्रतिशोध गर्ने शत्रुहरूका कारणले मलाई यस्तो भएको छ। १७ हामीले तपाईंलाई नबिर्से पनि, र तपाईंको करारप्रति झूटा नभएतापनि यी सबै हामीमाथि परिआएका छन्।१८ हाम्रा हृदय तपाईंबाट विमुख भएका छैनन्,

तपाईंको मार्गबाट हाम्रा पाइलाहरू चुकेका छैनन्। १९ तर तपाईंले हामीलाई चूर पारेर स्याल बस्ने पाखातुल्य बनाउनुभयो, र हामीलाई घोर अन्धकारले ढाक्नुभयो।

२० यदि हामीले हाम्रा परमेश्वरको नाउँ बिर्सेका भएदेखि वा अन्य देवदेवतातिर हाम्रा हात पसारेका भएदेखि, २१ के परमेश्वरले यो थाहा पाउनुहुनेथिएन र? किनकि उहाँले हृदयका गुप्त कुरा जान्नुहुन्छ। २२ तापनि तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" भजन ४४:१५-२२।

भजन ४४ कसरी सुरु भएको छ त्यो हेर्नुहोस् त! विगतको समयमा परमेश्वरले उहाँ जनहरूको निम्ति कस्ता महान कामहरू गर्नुभएको थियो भनेर लेखकले याद गर्दै त्यो भजन सुरु गर्दछ। त्यसकारण, लेखकले आफ्ना धनु वा बाहुबलमा होइन (भजन ४४:६) तर परमेश्वरमा नै भरोसा राखेको छ भनेर आफ्नो प्रतिवद्धता जनाउँछ।

परमेश्वरमाथि भरोसा राखेतापनि र उहाँको निष्ठामा रहेतापनि उहाँका जनहरू अत्यन्तै महाकष्ट, सतावट र पीडा भोग्न वाध्य भएको हुन्छ। यद्यपि, यस परिस्थितिमा पनि भजनका लेखकले आफूलाई उद्धार गर्न परमेश्वरसँग चित्कार गर्दछन्। "तपाईंकै दया र अनुग्रहले हामीलाई उद्धार गर्नुहोस्" भनेर उहाँसँग बिन्तिभाउ गर्दछ (भजन ४४:२६)। त्यसको अर्थ अनेकौं विषम् परिस्थितिमा पनि परमेश्वर र उहाँको प्रेमको वास्तविकताबाट लेखक बिचलित नभएको आभास दिन्छ।

***तपाईंको जीवनको बिगत समयमा परमेश्वरले कसरी सहयोग गर्नुभयो र उहाँको उपस्थितिको आभास तपाईंले पाउनुभएको थियो त्यसैलाई मध्यनजरमा राखेर आउने कठिन समयमा पनि उहाँ टाढा हुनुहुनेछैन भनेर तपाईं कसरी विश्वस्त हुनसक्नुहुन्छ? तपाईं उहाँबाट टाढा हुनुभएको अनुभव गर्नुभएतापनि उहाँ तपाईंबाट टाढा हुनुहुन्न भन्ने आत्मसात तपाईंले कसरी गर्ने?***

## ३. अत्यन्तै विकराल वा पीडको समयमा स्मरण गर्नुपर्ने भजन

भजनसंग्रहको पुस्तक भक्तहरुको निम्ति उपासनामा प्रयोग वा पाठ गर्ने स्तोत्र वा स्तुतिमात्र होइन। यो पुस्तकका अध्यायहरू पढेर आजको धार्मिक बिधि पूरा गरें भनेर ढुक्क पार्ने यस पुस्तकको आशय होइन। हो, यस पुस्तकमा उल्लेख गरिएका भजनहरूले परमेश्वरसँग दिल खोलेर कसरी बातचित वा प्रार्थना गर्ने भनेर सिकाउँदछ। तर यस पुस्तकको मुल लक्ष भनेकै

मानिसहरूको आध्यात्मिक, शारीरिक, मानसिक जीवनका अनुभवहरू परमेश्वरसम्मत छ कि छैन भनेर केलाउँदछ र त्यसै अनुसार चल्न यसले माग गर्दछ। अनि, जुनसुकै परिस्थितिमा पनि परमेश्वरमा आशा र भरोसा राखेर बाच्न सकिन्छ भनेर यसले आशा दिलाउँछ। परमेश्वरका वचन अनुसार चल्ने मानिसहरूमा उहाँको उपस्थिति भइरहन्छ भनेर पक्का आश्वासन दिँदछ।

**अत्यन्तै दुःख, कष्ट र पीडाको बिचमा पनि परमेश्वरमाथि भरोसा राख्न सकिन्छ भनेर भजन २२ले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, "१ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ? मलाई बचाउनबाट तपाईं किन यति टाढ़ा हुनुहुन्छ? अनि मेरो करुण-क्रन्दनका शब्दहरूबाट त्यति टाढ़ा? २ हे मेरा परमेश्वर, दिनको समयमा म पुकार्छु, तर तपाईं उत्तर दिनुहुन्न। राती पनि म शान्त बन्दिनँ। ३ तापनि तपाईं परमपवित्र, सिंहासनमा विराजमान हुनुहुन्छ, तपाईं इस्राएलका प्रशंसा हुनुहुन्छ।**

**४ हाम्रा पुर्खाले तपाईंमा नै भरोसा राखेका थिए, तिनीहरूले भरोसा राखे, र तपाईंले तिनीहरूलाई छुटकारा दिनुभयो। ५ तपाईंमा तिनीहरूले पूकार गरे, र बाँचे। तिनीहरूले तपाईंमा भरोसा राखे, र निराश भएनन्। ६ तर म त एउटा कीरा मात्र हुँ, मानिस होइनँ, मानिसहरूद्वारा उपेक्षित, र लोकद्वारा तुच्छ गनिएको। ७ मलाई देख्नेहरू जति सबैले मेरो ठट्टा गर्छन्। तिनीहरू ओठ लेब्र्याउँछन्, र मुन्टो बटार्दै भन्छन्, ८ "त्यसले परमप्रभुमाथि भरोसा गर्दछ, त्यसलाई उहाँले नै छुटाऊन्। उहाँले नै त्यसको उद्धार गरून्, किनकि त्यससँग उहाँ प्रसन्न हुनुहुन्छ।" ९ तैपनि तपाईंले नै मलाई गर्भबाट निकालि ल्याउनुभयो। मेरी आमाको काखैबाट तपाईंले मलाई तपाईंमाथि भरोसा राख्ने बनाउनुभयो। १० मेरो जन्मैदेखि म तपाईंमा अर्पण गरिएँ, मेरी आमाले मलाई जन्म दिएदेखि तपाईं मेरा परमेश्वर हुनुभएको छ। ११ मबाट टाढ़ा नहुनुहोस्, किनकि सङ्कष्ट नजिकै छ, र मलाई गोहार गर्ने कोही छैन। १२ धेरै साँढ़ेहरूले मलाई घेरेका छन्, बाशानका बलिया साँढ़ेहरू मेरो चारैपट्टि छन्। १३ आफ्नो शिकार फहराउने भोकाएका गर्जने सिंहहरू मेरो विरुद्ध आफ्ना मुख बाउँछन्। १४ म त पानीझैं पोखिएको छु, र मेरा सारा हड्डीका जोर्नीहरू फुस्केका छन्। मेरो मुटु मैनजस्तै भइसकेको छ, मेरो छातीभित्र त्यो पग्लेको छ। १५ माटोको खपटोझैं मेरो बल सुकिसकेको छ, र मेरो जिब्रो मेरो तालुमा टाँसिएको छ। तपाईंले मलाई मृत्युको धूलोमा मिलाउनुभएको छ। १६ कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा**

छेड़ेका छन्। १७ मेरा सबै हाड़हरू म गन्न सक्छु, मानिसहरू द्वेषसाथ मलाई एकटक लाएर हेर्छन्। १८ तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन्। १९ तर हे परमप्रभु, तपाईंचाहिँ टाढ़ा नहुनुहोस्! हे मेरा बल, छिटो मेरो गुहार गर्नुहोस्! २० मेरो प्राणलाई तरवारबाट, र मेरो अमूल्य ज्यानलाई कुकुरहरूका पन्जाबाट उद्धार गर्नुहोस्। २१ सिंहहरूको मुखबाट मलाई छुटाउनुहोस्, र जङ्गली साँढ़ेका सीङहरूबाट मलाई बचाउनुहोस्। २२ म मेरा भाइहरूका सामुन्ने तपाईंको नाउँ घोषणा गर्नेछु, सभाको बिचमा म तपाईंको प्रशंसा गर्नेछु। २३ परमप्रभुको भय मान्नेहरू जतिले उहाँको प्रशंसा गर। याकूबका सबै सन्तान हो, उहाँको महिमा गर। हे इस्राएलका सबै सन्तान हो, उहाँको भक्ति गर। २४ किनकि उहाँले पीडितको दुःखलाई तुच्छ ठान्नुभएको छैन, न घृणाको दृष्टिले हेर्नुभएको छ। उहाँले आफ्नो मुहार त्यसबाट लुकाउनुभएको छैन, तर त्यसले सहायताको निम्ति पुकार गर्दा उहाँले सुन्नुभएको छ। २५ ठूलो समुदायमा मेरो प्रशंसाको स्रोत तपाईं नै हुनुहुन्छ, तपाईंको डर राख्नेहरूका सामुन्ने म आफ्नो भाकल पूरा गर्नेछु। २६ गरीबहरू खाएर तृप्त हुनेछन्, परमप्रभुको खोजी गर्नेहरूले उहाँको प्रशंसा गर्नेछन्। तिमीहरूका हृदय सदा जीवित रहून्! २७ समस्त पृथ्वीका सबै जातिहरूले स्मरण गर्नेछन्, र परमप्रभुतिर फर्कनेछन्। जाति-जातिका सबै परिवारहरूले उहाँलाई दण्डवत् गर्नेछन्। २८ किनभने राज्य त परमप्रभुकै हो, र सबै जातिहरूमाथि उहाँले नै शासन गर्नुहुन्छ। २९ पृथ्वीका सबै धनीहरूले भोज गर्नेछन्, आराधना गर्नेछन्, जस-जसले आफ्नो प्राण बचाउन सक्दैनन्, जो धूलोमा मिलिजानेछन्, ती सबै उहाँको सामुन्ने घोप्टो पर्नेछन्। ३० भावी सन्तानले उहाँको सेवा गर्नेछन्, भावी पुस्तालाई परमप्रभुको बारेमा बताइनेछ। ३१ अहिलेसम्म जन्म नभएको एउटा जातिलाई तिनीहरूले उहाँको धार्मिकताको घोषणा गर्नेछन्- किनकि उहाँले यो गर्नुभएको छ।"

भजन २२:१ मा मानवीय बिलापका शब्दहरू व्यक्त गरिएका छन्। दुःख, कष्ट र पीडामा परेका मानिसहरू शोकित हुनु र एक्लोपना वा सबैले र परमेश्वरले पनि छोड्यो भन्ने महसुस गर्नु मानव स्वाभाविक हो भनेर यस अध्यायमा व्यक्त गरेका मानवीय मर्महरूले प्रकट गर्दछः "हे मेरा प्रभु, मेरा परमेश्वर तपाईंले मलाई किन त्यागनुभयो? मलाई सहायता गर्न तपाईं किन टाढा रहनभएको छ? मेरा पीडाका भावनाहरूलाई तपाईंले बेवास्ता गर्नुहुन्छ?"

यहाँ व्यक्त गरिएका शब्दहरू इसाईहरूको बिचमा अत्यन्तै प्रख्यात

छन्, किनभने जब येशूलाई कष्टकर, निष्ठुर र आततायी क्रूसमा किला ठोकेर झुन्ड्याइएको थियो उहाँले ती शब्दहरू नै उच्चारण गर्नुभएको थियो। (मत्ती २७:४६)। भजनका लेखकहरूले अनुभव गरेका पीडा र व्यक्त गरेका चित्कारहरू येशूकै अनुभवमा पनि कति उल्लेखनीय वा केन्द्रविन्दु थिए भनेर देखाउँदछ। अर्थात्, मानवीय कष्टहरू येशूकै अनुभवमा नौलो नभएको भनेर खुलासा गरिएको छ। कतिपय समयमा जब हामी दुःख, कष्ट भोग्दछौं त्यसबेला हामीलाई सबैले त्यागे भनेर चित्कार गर्दछौं, यथार्थमा भन्ने हो भने हाम्रो चित्कारमा येशू पनि सहभागी हुन्छ भन्नेमा अत्युक्ति हुँदैन।

यद्यपि, दुःख, कष्ट, पीडा र परीक्षाहरूमा पनि यी शब्दहरू भजनका लेखकले व्यक्त गरेका थिएः "**मेरा** दाजुभाइदिदी बहिनी र आफन्तहरूको बिचमा तपाईंको नाउँको घोषणा गर्नेछु; तिनीहरूको जमघटमा म तपाईंको प्रशंसा गर्नेछु।" भजन २२:२२।

हुन त भजन २२:१ र भजन २२:२२ मा व्यक्त गरेका भावनाहरू लेखक दुविधा र अन्यौलतामा परेकै बेलामा सँगसँगै व्यक्त नगरेको हुन सक्छ। तैपनि भजनका लेखकले आफ्नो निष्ठा वा आस्था परमेश्वरमा भएको व्यक्त गरेका थिए। उनको परिस्थिति जुनसुकै प्रतिकूल वा अनुकूल भएतापनि परमेश्वरको स्तुति गर्न आफू नछोड्ने अठौत व्यक्त गरेका थिए।

यहाँ भन्न खोजिरहेको कुरो यो हो कि जब हामी प्रार्थनामा ती शब्द वा भावनाहरू व्यक्त गर्दछौं तब हामी हाम्रो वर्तमान परिस्थितिभन्दा पनि अपार भएर बाँच्नुपर्दछ भनेर त्यस भजनले सिकाउँदछ। हामी परमेश्वरमा नै विश्वास गरेर त्यस अवस्थाको समयलाई प्रतिक्षा गर्न सक्दछौं कि उहाँको अनुग्रहले हाम्रो जीवन उहाँको चाहना अनुसार पुनर्स्थापित हुनेछ।

जब भजनसंग्रहका भजनहरूलाई हाम्रै जीवनमा गाभिएर परमेश्वरको आराधना वा उपासना गर्दछौं तब हाम्रो आत्मिक जीवनमा नयाँ आयाम थप्न सकिन्छ वा आत्मिक तहमा पुग्न सकिन्छ। आफ्ना भावना, समझ र अनुभवहरूलाई परमेश्वरको सामु दिल खोलेर व्यक्त गर्न सकिन्छ भनेर भजनहरूले सिकाएतापनि ती लेखकहरूलाई तिनीहरूकै तत्कालिन जिर्ण अवस्थामा उहाँले छोड्नुभएको थिएन भनेर हामीलाई देखाउँदछ। परमेश्वरको सामु आफ्ना पीडाका बोझहरू, नैराश्यता, रिस, बेदना, उदासिनताका भारीहरू बिसाउनुपर्छ र जुनसुकै परिस्थितिमा पनि उहाँमाथि भरोसा आराधकहरूले राख्न सकिन्छ भनेर भजनसंग्रहले सिकाउँदछ। बिलापबाट उचिल्दै परमेश्वरको स्तुति

प्रशंसा गर्ने तहमा जब भजनका लेखकहरू पुग्दछन् तब परमेश्वरमा विश्वास र भरोसा राख्दा तिनीहरूको आत्मिक परिवर्तन भएको थियो भनेर देखाउँदछ। प्रार्थनाद्वारा उहाँबाट पाउने अनुग्रह र सान्त्वनाले मानव जीवनको बहुआयामिक पक्षहरूको रूपान्तर हुन सक्छ।

***अहिले हामी जुनसुकै दुःख, कष्ट र परीक्षाहरू भोगिरहेतापनि हामी तिनीहरूबाट अपार भएर परमेश्वरको प्रेम र भलाइमा भरोसा राख्न सक्छौं भनेर हामीले कसरी सिक्ने?***

## ४. निराशाको जीवनबाट आशा वा बेदनाभित्र लुकिएको आशा

येशूका भक्त हौं भन्दैमा उहाँलाई विश्वास गर्नेहरूले बेदना, नैराश्यता, सन्ताप, पीडा, कष्ट र समस्याको सामना गर्नु वाध्य हुँदैन भन्ने झुठो आश्वासन बाइबलले कदापी दिएको छैन। यसको ज्वलन्त उदाहरण प्रभु येशू आफै हुनुहुन्छ। त्यसकारण, येशूलाई विश्वास गरे सबै ठिक हुन्छ भन्ने लोकप्रिय इसाईहरूले  सिकाएका र प्रचारबाजीमा कोही पनि फस्न बुद्धिमानी देखिँदैन। येशूलाई विश्वास गर्ने र उहाँमाथि भरोसा राख्ने हामी सबैले कतिपय समयमा ती अनुभवहरूमा पौडी खेल्न पुगेका हुन्छौं, र ती समयमा हामी यो चित्कार त गर्छौं नि "यस्तो कुरो मलाई नै किन भयो?"

भजनसंग्रहका लेखकहरू कुनै बिरहरू नभएर हामी जस्तै मानिसहरू थिए र हामीले भोगेका वा भोग्नुपरेका विकराल परिस्थितिहरू तिनीहरूले पनि भोग्न वाध्य भएका थिए भनेर तिनीहरूले नै व्यक्त गरेका भावनाहरूले प्रकट गर्दछन्। निःसन्देह, कतिपय समयमा हाम्रै पाप र अधर्मको कारण अनेकौं नराम्रो परिस्थिति भोग्दछौं, तर अरू समयहरूमा हामीले भोग्नु परेका कठिनाइ र समस्याहरू अनुचित भएको देखिन्छ। यस्ता समस्याहरू भोग्नु नै हामीमाथि अन्याय भएको महसुस गर्दछौं। यस्तो परिस्थिति कसले भोगेन होला?

**भजन १३ पढ्नुहोस्। यसमा के दुई मूख्य मिजास वा मुडहरू तेर्स्याइका छन् जुन तपाईंले फरक पाउनुहुन्छ? भजनको लेखकले साधारण दृष्टिकोणमा मौलिक परिवर्तन कसरी भए होला भनेर तपाईंले महसुस गर्न सक्नुहुन्छ? हेर्नुहोस्: "१ कहिलेसम्म, हे परमप्रभु? के तपाईं सधैंभरि मलाई बिर्सनुहुन्छ? तपाईंले आफ्नो मुहार मसँग कहिलेसम्म लुकाउनुहुन्छ? २ मेरो आत्मामा कहिलेसम्म मैले चिन्ता बोक्ने, अनि दिनहुँ मेरो हृदयमा शोक राख्ने? कहिलेसम्म मेरो शत्रु ममाथि प्रबल भइरहनेछ?  ३ ममाथि निगाह गर्नुहोस्, र**

**मलाई जवाफ दिनुहोस्, हे परमप्रभु मेरा परमेश्वर। मेरा आँखालाई ज्योति दिनुहोस्, नत्रता म मृत्युको निद्रामा पर्नेछु। ४ नत्रता मेरो शत्रुले भन्नेछ, "त्यसमाथि मैले विजय पाएको छु।" अनि म ढल्दा मेरा शत्रुहरू रमाउनेछन्। ५ तर मैले त तपाईंको अचूक कृपामा भरोसा राखेको छु। मेरो हृदय तपाईंको उद्धारमा रमाउँछ। ६ म परमप्रभुको स्तुति गाउनेछु, किनभने उहाँ मप्रति भला हुनुभएको छ।"**

यस भजनका लेखकले परमेश्वरमाथि अगाढ निष्ठा थियो, उहाँमाथि पूरा भरोसा थियो, उहाँलाई हृदयदेखि नै विश्वास गर्दथे, तै पनि यो चित्कार गर्न वाध्य भएर परमेश्वरमाथि यो गुनासो गर्दछन्: "ओ, प्रभु कहिलेसम्म? तपाईंले मलाई के सधैंभरी बिर्सनुहुन्छ त? कतिसम्म तपाईंले तपाईंको अनुहार मबाट लुकाउनुहुन्छ?" भजन १३:१। दयालु परमेश्वर पिताको सामु ती भावना, दुखेसो र धारणा गलतै भएतापनि हामीमध्ये कसले त्यो दुखेसो उहाँमाथि पोखाएनौं होला? (के परमेश्वरले हामीलाई कहिल्यै बिर्सनु हुन्छ त?

फेरि अर्को गलत लोक धारणाको फन्दामा नपर्न भजन १३ ले औंल्याउँछ। त्यो हो जब हामी प्रार्थना गर्छौं तब हाम्रो दृष्टि वा फोकस हामीमा र हाम्रा समस्याहरूमा राख्नु। यदि यो भजनलाई आत्मसात गर्न सक्यौं भने हाम्रो जीवनलाई परिवर्तन गर्न सक्छ। परमेश्वरले उहाँका जनहरूसँग गर्नुहुने कारोबारमा उहाँको विश्वास र स्वभाव परिवर्तन भएको हुँदैन भन्ने प्रतिवद्धता यस भजनले हाम्रो सामु प्रस्तुत गर्दछ।

हो, बिलाप, दुखेको वा गुनासो प्रकट गरेर यो भजन सुरु गर्दछ। तर यस भजनको निर्णायक लक्ष्य नै केवल यो बिलाप प्रकट गर्नु होइन। यो बिलाप प्रकट गरेर भजन १३को अन्त्य गरिएको छैन।

परमेश्वरमाथि जानाजानी व कुनै शङ्का नै नगरी भरोसा राख्नुपर्छ भनेर भजन १३ ले हामीलाई सिकाउँदछ। उहाँको उद्धार गर्ने शक्तिमा हामी भरपर्नैपर्दछ भनेर यसले औंल्याउँछ (भजन १३:५)। त्यसको फलस्वरुप हाम्रा त्रास, चिन्ता र सन्तापहरू (भजन १३:१-४) बिस्तारै परमेश्वरले दिनुहुने मुक्ति वा उद्धारीय काममा गाभिन सक्ने हुन्छौं। अनि हामी बिलापबाट प्रशंसाको अनुभवमा परिवर्तन हुन थाल्छौं र निराशबाट आशामा उक्लिन्दै जान सक्छौं (भजन १३:५,६)। तर भजन १३लाई केवल धार्मिक पाठ वा स्तोत्र भनेर अर्थहिन बनाएर मन्त्र जस्तै जप्दा त्यसको फाइदा कसैलाई पनि हुँदैन। मानिसलाई आधिकारिक तवरले परिवर्तन गर्ने यस भजनको लक्ष्यलाई त्यस

विधि वा प्रक्रियाले पूरा गर्दैन। जब भजनसंग्रहका भजनहरूलाई हामी प्रार्थनाको रुपमा प्रयोग गर्छौं तब पवित्र आत्माको सहायता माग्नुपर्दछ ताकि ती भजनहरूले माग गरेको अनुसार चल्न उहाँले हामीलाई शक्तिसम्पन्न गराउन्। भजनहरू परमेश्वरका वचन र गवाहीहरू हुन्। विश्वासी पाठकबृन्धहरूले तिनीहरूमा भएका सन्देशहरू पढ्ने वा सुन्नेमात्र नभएर त्यस अनुसार आफ्ना क्रियाकलाप, चरित्र र स्वभावहरू परिवर्तन गर्न भजनसंग्रहले अपेक्षा गर्दछ। भजनसंग्रहमा भएका प्रतिज्ञाहरू परमेश्वरको अनुग्रहले विश्वासीहरूको जीवनमा चरितार्थ भएर देखाउन सकून् भन्ने लक्ष्य राखि यस भजनसंग्रह प्रस्तुत गरिएको छ। त्यसको अर्थ हो, हामीले हाम्रो जीवन परमेश्वरको वचन अनुसारले निर्माण गर्न दिनु, उहाँको सदिच्छामा चल्न दिनु र येशूसँग एक हुन दिनु हो। परमेश्वरको इच्छालाई सिद्धरुपमा उहाँका मानव अवतार लिनुभएको येशूले नै भजनसंग्रहका भजनहरूलाई उतारेर आफ्ना प्रार्थनाहरूमा प्रयोग गर्नुभएको थियो।

*तपाईंको दुःख, कष्ट र परीक्षाहरूले गर्दा तपाईं परमेश्वरको नजिक हुन कसरी आकर्षित गर्दछ? यदि तपाईंले सावधानी अपनाउनुभएन भने तिनीहरूले तपाईंलाई परमेश्वरबाट टाढा पनि राख्न सकिन्छ। त्यसबाट तपाईं कसरी जोगिने?*

## ५. हे प्रभु, हामीलाई पुनर्स्थापित गर्नुहोस्

**भजन ६० पढ्नुहोस्। यो प्रार्थनामा प्रयोग गर्ने उपयुक्त भजन हो। तर यो भजन कुन अवसरमा प्रयोग गर्न उपयुक्त छ सोच्नुहोस्। भजनसंग्रहमा लेखिएका बिलापका समयमा पनि जीवनका आनन्दमय मौसमहरूलाई मध्येनजर राखेर त्यस भजनबाट हामी कसरी फाइदा लिन सक्छौं? हेर्नुहोस्: "१ हे परमेश्वर, तपाईंले हामीलाई त्याग्नुभएको छ, हाम्रा किल्लाहरू भत्काइदिनुभएको छ। तपाईं हामीमाथि क्रुद्ध हुनुभएको छ– अब हामीलाई पुनर्स्थापित गर्नुहोस्। २ तपाईंले धरतीलाई थर्काउनुभएको छ, र त्यसलाई फारिदिनुभएको छ। त्यसका धाँदाहरू पुरिदिनुहोस्, किनकि त्यो हल्लिँदैछ। ३ तपाईंले आफ्नो प्रजालाई कठिन कुराहरू भोग्न लाउनुभएको छ, तपाईंले हामीलाई धरमराउने मद्य दिनुभएको छ। ४ तर धनुको विरुद्ध फहराउनलाई तपाईंको भय मान्नेहरूका लागि तपाईंले एउटा झन्डा खड़ा गर्नुभएको छ। सेला ५ तपाईंको दाहिने बाहुलीले हामीलाई बचाउनुहोस् र मदत गर्नुहोस्, र तपाईंले प्रेम गर्नुभएकाहरूले छुटकारा पाऊन्। ६ परमेश्वरले आफ्नो पवित्रस्थानबाट भन्नुभएको छ, "विजयमा शकेमलाई विभाजन गर्नेछु, र सुक्कोतको बेंसी नापेर छुट्ट्याउनेछु।**

**७ गिलाद मेरो हो, र मनश्शे पनि मेरै हो। एफ्राइम मेरो टोप हो, यहूदा मेरो राजदण्ड हो। ८ मोआब मेरो पानीको बाटा हो, एदोममाथि म आफ्नो जुत्ता फाल्छु, पलिश्तमाथि म विजयसाथ कराउँछु।" ९ कसले मलाई किल्ला भएको सहरमा पुऱ्याइदेला? एदोमसम्म मलाई कसले डोऱ्याउला? १० हे परमेश्वर, तपाईं नै होइन, जसले हामीलाई त्याग्नुभएको छ, र अब हाम्रा सेनाहरूका साथमा जानुहुन्न? ११ शत्रुहरूका विरुद्धमा हामीलाई सहायता गर्नुहोस्, किनकि मानिसको सहायता त व्यर्थको हुन्छ। १२ परमेश्वरद्वारा हामी विजय प्राप्त गर्नेछौं, र उहाँले हाम्रा शत्रुहरूलाई कुल्चनुहुनेछ।"**

शारीरिक, मानसिक, आत्मिक र सामाजिक कष्टहरू गुज्रिरहेको बेलामा बिलाप गर्न बिलापका भजनहरू रचेका हुन् भनेर लोक धारणा छ। मानवीय कठिनाइको आर्तनाद वा प्रार्थना गर्न ती भजनहरू रचेका थिए भनेर कतिपयले बुझेका छन्।

यद्यपि, हामी खुशी भएको समयमा पनि ती भजनहरू पढ्नुहुन्न भन्नेछैन। कतिपय समयमा भजनमा व्यक्त गरिएका शब्दहरू र आराधना गर्नेहरूको तत्कालिन अनुभवहरू नमिल्न सक्छन् वा अप्रासाङ्गित हुन सक्छन्। त्यसको अर्थ दुःख । कष्टमा नपरेका आरधकहरूले बिलापका भजनहरूबाट फाइदा वा हौशला लिन सक्छन्।

पहिलो त तिनीहरूले यो स्वीकार्न सक्छन् कि दुःख, पीडा, कष्ट र बेदना मानवीय जीवनको प्रायजसो अनुभवहरू हुन्। दुष्ट होस् वा परमेश्वरलाई विश्वास गर्ने र उहाँको निष्ठामा रहने सबैलाई दुःख आउँछ भन्ने कुरामा सबै सजग हुनुपर्दछ। सबै थोक परमेश्वरको नियन्त्रणमा छ भनेर भजनहरूले हामीलाई ढुक्क गराउन खोज्दछ। दुःख, कष्टको बेलामा ती बिपदहरूको सामना गर्न उहाँले शक्ति दिनुहुन्छ र त्यसबाट उहाँले राहत दिनुहुन्छ भनेर भजनका लेखकहरूले हामीलाई विश्वस्त गराउँदछ। यस भजनमा पनि दुःख, कष्टको बिचमा (तपाईंले पृथ्वीलाई नै हल्लाउनुभयो," भजन ६०:२) भजनका लेखकले परमेश्वरले गर्नुहुने उद्धारमा आफ्नो अन्तिम आशा राखेका थिए भनेर बताउँदछ।

दोस्रो, बिलापका भजनहरूले हामीलाई दुःख र कष्टमा परेकाहरूप्रति करुणा देखाउन सिकाउँदछ। जब हामी व्यक्तिगत प्रार्थनामा होस् वा सार्वजनिक प्रार्थनामा होस् हामीले परमेश्वरप्रति आभार व्यक्त गर्दछौं र खुशी व्यक्त गर्दछौं तब हामीभन्दा कम भाग्यमानीहरूप्रति सजग हुनु जरुरी ठान्नुपर्दछ। हामीसँग अहिले असल थोकहरू होला तर हाम्रा वरिपरि रहेका

कतिपय मानिसहरू अभावले ग्रस्त भइरहेको हामीमध्ये कसलाई थाहा नहोला? यी बिलापका भजनहरूलाई प्रार्थनामा प्रयोग गर्दा कतिपय मानिसहरू कठिन परिस्थितिहरूमा परिरहेकाहरूलाई याद गर्न हामीलाई सहयोग गर्दछ। जब हामी भजनहरू पढ्दछौं तब दुःखमा परेकाहरूप्रति माया, दया र करुणा जाग्दछ र तिनीहरूको सेवा गर्ने चाहना हाम्रो मनमा उब्जिन्छ। यही मनस्थिति येशूको पनि थियो।

"यस संसार सैतानको दुःख, कष्ट, रोगव्याधीको बिशाल खेलको रङ्गशाला हो, तर बिरामीहरूलाई निको पार्न र सैतानका बन्धकहरूलाई उद्धार गर्ने घोषणा गर्दै येशू आउनुभएको थियो (अर्थात् उहाँले यस संसारलाई उहाँको अनुग्रहको प्रयोगशाला बनाउनुभएको थियो)। उहाँ आफ्नै स्वास्थ्य र बल हुनुहुन्थ्यो। बिरामी, दुःख, पीडा, शोकमा परेका र दुष्ट आत्माहरूले सताएकाहरूलाई चङ्गाइ गर्न र उद्धार गर्न उहाँले आफ्नो जीवन प्रदान गर्नुभएको थियो। उहाँबाट निको हुन चाहने कोही व्यक्तिलाईपनि उहाँले फर्काउनुभएको थिएन। उहाँको निको पार्ने शक्ति सबैमा थियो। आफ्ना रोगहरूबाट राहत पाउन उहाँसँग अनुरोध गर्नेहरूले ती रोगहरू आफ्नै कारणले आएको थियो भनेर उहाँलाई थाहा थियो। तैपनि तिनीहरूलाई निको पार्न उहाँ अस्वीकार गर्नुभएन। ती बिचरा मानिसहरूमा उहाँको निको पार्ने गुण पसेको थियो तब तिनीहरू आफू पापी भएको स्वीकार गर्न पुगेका थिए र तिनीहरूका शारीरिक मात्र होइन आत्मिक रोगहरू पनि उहाँले निको पार्नुभएको थियो। सुसमाचारको त्यो शक्ति अहिले पनि उपलब्ध भएको छ, तर त्यही परिणामहरू आज हामीले किन देखिरहेका छैनौं?" एलेन जी. ह्वाइट, *बेलफियर मिनिस्त्री,* पृ. २४,२५।

***अहिले नै तपाईंको सम्पर्कमा आएको कोही व्यक्ति छ जसलाई तपाईंको प्रार्थनामात्र होइन तपाईंको सेवा गर्ने स्पर्शको पनि आवश्यक छ?***

**उपसंहारः** थप जानकारी: भजन ४२:८ र एलेन जी० ह्वाइटको एजुकेशन पुस्तकको पृ० १५९-१६८ को "पोइट्री एण्ड सन्ग" पढ्नुहोस् । ती प्रेरणादायी बचनहरू अनुसार तपाईँको प्रार्थना र भजन कसरी मिल्न गएको पाउनुभएको छ?

पश्चात्ताप गरेर बिलौना गरेर रचिएका दाउदका भजनहरू (उदाहरणमा भजन ५१) भित्री आत्माको आर्तनाद हो भनेर एलेन जी० ह्वाइटले वर्णन गर्नुहुन्छ। दाउदका ती भजनहरूले उनी पापको स्वभावप्रति हृदयदेखि कति दु:खित भएका थिए र परमेश्वरसँग क्षमा पाउन पुकार गरेका थिए भनेर देखाउँदछ (स्टेप्स टु क्राइस्ट, पृ० २४,२५) । भजनसंग्रहलाई विश्वासीहरूले कण्ठ गर्नुपर्छ भनेर उनले उत्साह दिनुभएको छ । भजनहरूलाई दिमागमा राख्न सक्यो भने तिनीहरूको जीवनमा परमेश्वरको उपस्थिति भएको अनुभव गर्न सकिन्छ। जब दु:ख, कष्ट र परीक्षाहरू आउँछन् र त्रासको वातावरणमा हामी पर्दछौँ तब येशू आफैले ती भजनहरूलाई मनन गरेर आफ्नो आवाज उठाउने बानी गर्नुभएको भजनहरूले हामीलाई नै परमेश्वरतिर उचाल्दछ । उनले यो पनि व्यक्त गर्नुभएको छ: "पवित्र गीत वा भजनहरूका शब्दहरूले कतिपय समयमा मानिसको हृदयमा गुम्सिरहेका दु:खीत र विश्वासका भावनाहरूलाई पोखाउन सकिन्छ । ती भजनहरूले मानिसमा आशा, प्रेम आनन्द फस्टाइ दिन्छ। हो, भजनसंग्रहका धैरैजसो भजनहरू प्रार्थना हो।" *एजुकेशन* पृ० १६२-१६८।

जब भजनसंग्रहका भजनहरूलाई उतारेर हामी प्रार्थना गर्छौँ र गीत गाउँछौँ हामी पनि भजनका लेखकहरूमा भएको आशा, साहस, सुरोपना, दृढता र धैर्यतालाई निरन्तता दिन सक्ने हुन्छौँ। यस संसारमा हामी एक्लै छैनौँ, त्यसकारण, जुन परिस्थितिमा हामी परेतापनि हाम्रो आत्मिक यात्रालाई निरन्तरता दिनुपर्छ पर्छ भनेर ती भजनहरूले हामीलाई हौसला र सान्त्वना दिँदछ। येशूभक्तको इतिहासमा अनगिन्तियौँ विश्वासीहरू पनि अन्धकारको परिस्थितिमा गुज्रेका थिए र परमेश्वरको अनुग्रहले तिनीहरू विजयी भएका थिए भनेर ती भजनहरूबाट हामीले सिक्दछौँ । फेरि त्यसै समयमा, हाम्रो निम्ति परमेश्वरसँग गरिरहनुभएको प्रार्थना वा बिन्तीको झलक ती भजनहरूले देखाउँदछ। उहाँ हाम्रो निम्ति सधैँ प्रार्थना वा बिन्ती गरिरहनुहुन्छ (हिब्रू ७:२५)।

जब भजनहरूलाई प्रयोग गरेर प्रार्थना र आराधना गरिन्छ तब विश्वासी समूदायले मानव स्वभाव र मिजासका सम्पूर्ण दायराहरूप्रति सजग भएका हुन्छन् र आराधनाको अनुभवमा आराधकहरूले विभिन्न मानवीय पक्षहरू समावेश गर्न सकिन्छ भनेर ती भजनहरूले सिकाउँदछ। भजनहरू ईश्वरीय प्रार्थना र गीतहरू हुन् । त्यसले गर्दा भजनसंग्रहलाई निरन्तर रूपमा आराधनामा समावेश गर्दा आराधकहरूको समूदायलाई परमेश्वरको चाहनामा केन्द्रित गराउँछ र उहाँको चङ्गाइ गर्ने शक्तिशाली अनुग्रहको अनुभव गर्न सकिन्छ।

**चिन्तनमननः**

अ. प्रार्थना गर्ने भने धार्मिक विधि पूरा गर्न एउटै स्तुति वा प्रार्थनालाई दोहोऱ्याइ प्रार्थना गर्नेमात्र प्रार्थनाको विधि किन होइन? भजनसंग्रहलाई आत्मसात गरेर बाइबलमा लेखिएका भजनहरूबाट हाम्रो प्रार्थनाको जीवन कसरी अर्थमूलक बनाउन सकिन्छ र तिनीहरूबाट फाइदा पनि कसरी लिन सक्दछौं?

आ. हाम्रो सामूदायीक प्रार्थनाको अनुभवमा भजनसंग्रहका भजनहरूले हाम्रा आत्मिक जीवनलाई कसरी विकास गर्न सकिन्छ? आराधना गर्ने समयमा भजनसंग्रहलाई कसरी प्रयोग गर्ने भनेर चिन्तनमनन गर्नुहोस्।

इ. यस संसारमा मानव जीवनको विश्वासको यात्रा कतिको जटिल रहेछ भनेर बाइबलले ढाकछोप नगरी भजनसंग्रहले कसरी प्रकट गर्दछ? फेरि त्यसै समय परमेश्वरको निको पार्ने निगाहा र अनुभवको शक्तिलाई पनि ती भजनहरूले कसरी उजागर गर्दछन्?

# कथा २

# अपेक्षा नगरिएको शिक्षा


## अभिशेक

## औरङ्गाबाद (मध्य भारत)




मध्य भारतको औरङ्गावादमा तीन वर्षे अभिशेकको निम्ति बाबुआमाले राम्रो स्कुल खोज्दै थिए। धेरै पैसा नलाग्ने स्कुल कहाँ छ भनेर बाबुले उनका साथीहरूसँग सोधे। आमाले पनि छिमेकीसँग अभिषेकको निम्ति छिमेकीहरूसँग सोधपूछ गर्दै थिइन्। बाबुआमाहरू गरिब थिए तैपनि अभिषेकले असल शिक्षा पाऊन् भन्ने तिनीहरूको चासो थियो। तिनीहरूको घर नजिक रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा पठाउन तिनीहरूलाई कसैले सल्लाह दियो। बाबुआमा भोलिपल्ट नै त्यस स्कुलमा छोरालाई भर्ना गर्न गए। त्यो दिन शनिबारको दिन थियो र त्यो स्कुल खुल्छ भनेर तिनीहरूले अपेक्षा गरेका थिए। "हामीलाई स्कुलको हेड मास्टरकहाँ लैजानुहोस्," भनेर स्कुलको चौकिदारलाई तिनीहरूले अनुरोध गरे। त्यो चौकिदारले बाबु र आमालाई त्यही स्कुलको परिसरमा रहेको चर्चमा लग्यो।

चर्चभित्र त मानिसहरू आराधना गरिरहेको देखेर बाबुआमा छक्क परे। त्यस दिन स्कुल बन्द भएको तिनीहरूले महसुस गरे तर तिनीहरू त्यतिकैमा फर्केन। तिनीहरू चर्चभित्र गए, तिनीहरू त्यहाँ बसे र पर्खिरहे।

साबथमा आराधना कार्यक्रम हुँदै थियो। भारतमा धेरै भाषाहरू बोल्दछन्। तर चर्च स्थानीय भाषामा चलिरहेको थियो। चर्चमा बोलीरहेका सबै वचनहरू तिनीहरूले बुझे। साबथको प्रवचनमा पास्टरले साबथको बारेमा बोले।

बाबुआमा त्यसबेला पनि दोस्रो पल्ट छक्क परे। तिनीहरू इसाई त थिए तर हप्ताको सातौं दिन साबथको बारेमा तिनीहरूले बाइबलबाट कहिल्यै सुनेका थिएनन्। अनि स्कुल शनिबार किन बन्द भएको थियो भनेर तिनीहरूले बुझे। सातौं दिन काम नगर्नु भनेर बाइबलले दिएको निर्देशन अनुसार स्कुलले पालना गरेको थियो। बाबुआमाले साबथको बारेमा अझै जान्न चाहे।

आराधनाको कार्यक्रम सकेपछि तिनीहरूले आफूहरूलाई साबथको बारेमा सिकाउन पास्टरसँग अनुरोध गरे। ती दम्पत्तिलाई बाइबल अध्ययनको निम्ति पास्टरले निम्तो दिए। जब बाबु र आमा पास्टरसँग बाइबल अध्ययन गर्दै थिए, अभिषेक पनि त्यस स्कुलको किन्डरगार्टेनमा भर्ना भयो। किन्दरगार्टेनमा अभिषेकले बाइबल सिक्न थाल्यो। हरेक दिन शिक्षिकाले कक्षामा बाइबलका कथाहरि सुनाउँथिन्। अभिषेकले दाउद र गोलियाथको कथा विशेष गरेर मन पराएको थियो। "तिमी तरवार, छुरी र भाला लिएर मसँग लड्न आउँछौ तर म सारा सेनाहरूका प्रभु इस्राएलको परमेश्वरको नाउँमा आउँदछु," भनेर सानो दाउदले गोलियाथलाई चुनौती दिएको थियो। १ शमूएल १७:४५।

सानै भएतापनि अभिषेक सारा सेनाहरूका प्रभुको नाउँमा आफू अघि बढ्ने निर्णय गरेको थियो। आफू सानै भएतापनि जीवनमा आउने सबै राक्षसहरूसँग सामना गर्न र तिनीहरूलाई जित्न परमेश्वरले उसलाई सहायता गर्नेछ भनेर अभिषेकलाई थाहा थियो।

जब बाबुआमा र अभिषेकलाई बाइबलबाट सिक्न थालेका थिए तिनीहरूको घरपरिवारको जीवनमा परिवर्तन हुन थालेको थियो। परिवारले पनि साबथलाई पालना गर्न थाल्यो। बाबु र आमाले तिनीहरूका हृदयहरू येशूलाई सुम्पे।

जब अभ अभिषेक ठुलो भयो उसले चर्चका कार्यक्रमहरूमा भाग लिन थाल्यो। ऊ अगमवक्ता शमूएल जस्तै थिए जसले चर्चमा जे गर्न पनि खुशीसाथ गर्दथे। उसले डिकनहरूलाई तिनीहरूको काममा सहयोग गर्दथ्यो। मेच मिलाउन र माइक ठिक छ कि छैन भनेर उसले हेर्दथ्यो।

आज परिवार आस्थामा बलियो छ र प्रभुमा बढ्दैछ। अभिषेक १९ वर्षको छ र विश्वविद्यालयमा पढिरहेको छ।

"म येशूको सुसमाचार फैलाउन चाहन्छु र येशू छिट्टै आउँदै हुनुहुन्छ भनेर मानिसहरूलाई सुनाउन चाहन्छु," मुस्कुराएर उसले बतायो।